# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :-

चलानी नं. :-

मिति :-

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

सूचना न : ४६

सूचना प्रकाशित मिति : २०७८/१२/२९

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फ यस विहादी गाउँपालिकाको कृषि शाखाबाट आ.व. २०७८।०७९ मा सञ्चालन गरिने राष्ट्रिय र स्थानीय महत्वका बालिको व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा तोकिएको कमाण्ड क्षेत्र भित्र पर्ने इच्छुक विहादी गाउँपालिका भित्रका नियमानुसार दर्ता भएका कृषक समूह/कृषि सहकारी/जल उपभोक्त समिति/कृषि फर्म/कम्पनीहरुले सूचना प्रकाशित मितिले १५ दिन भित्र अर्थात (मितिः २०७९/०१/१३ गते कार्यालय समय भित्र) यस कृषि शाखामा तोकिएको ढाँचा ( अनुसुची ७ र १०) अनुसार आवेदन दर्ता गर्नहुन सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

**तपशील**

| क्र.स | कार्यक्रमको नाम | बालि | कमाण्ड क्षेत्र | कार्यक्रम संचालन हुनु पकेटको प्रकार | |
|---|---|---|---|---|---|
| | | | | बालि/बस्तु | पकेटको आकार |
| १. | व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम । | तरकारी | विहादी गा.पा. | तरकारी बाली (हेक्टर) | ७ |
| | | केरा | विहादी गा.पा. | फलफुल वाली (हेक्टर) | ७ |
| | | सुन्तलाजात | विहादी गा.पा. | फलफुल वाली (हेक्टर) | ७ |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :**

१) सम्बन्धित निकायमा कृषि समूह /सहकारी /संस्था /समिति /कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

२) पान नं. तथा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

३) कार्यक्रम सञ्चालन हुने स्थान(जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।

४) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।

५) सम्बन्धित वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको र कार्यक्रम दिन उपयुक्त हुने ब्यहोरा लेखेको सिफारिस पत्र ।

६) किसान सुचिकरण परिचय पत्र ।

नोटः कार्यक्रम सम्बन्धि निबेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयको वेवसाईट https://www.bihadimun.gov.np/ तथा वडा कार्यालयमा उपलब्ध हुनेछ ।

७८/१२/२९

ध्रुव दयाल

प्रमुख प्रशासकीय अधिकृत